Kirat Rai Yayokkha
UK - 2004
An indigenous ethnic group of Nepal.

# किरात राई यायोक्खा बेलायतको विधान, सन् २०१३ मा चौथो संशोधिन र परिमार्जन गरी मिलाइएको रुपमा

**प्रस्तावनाः**

बेलायतमा स्थाई वा अस्थाई रुपमा बसोबास गरिरहेका सम्पूर्ण किरात राईहरुलाई एकै सूत्रमा गोलबन्द गर्दै किरात राईहरुको भाषा, धर्म, संस्कार, संस्कृति, कला र इतिहासको संरक्षण र सवर्द्धन गर्न साथै सामाजिक सरोकारका विविध क्षेत्रहरुमा अघि बढ्नको निम्ति उत्प्रेरित एवं मार्ग निर्देश गर्न, बेलायतमा रहेका विभिन्न जात, जातीय समूह, सामाजिक सघसंस्था तथा अन्य निकायहरुसंग सम्पर्क र सम्बन्ध बढाउदै उनीहरुवीचमा किरात राईहरुको पहिचानलाई सजीव बनाई राख्न र अधिकार सहितको एक समृद्ध जातिको रुपमा बिकाश गर्ने महान लक्ष्य पुरागर्न, बेलायतमा बसोवास गर्ने संपूर्ण किरात राईहरुको साझा संगठन किरात राई यायोक्खा बेलायत नामक संस्थाको स्थापना गरी यो बिधान जारी गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**धारा १ नाम र प्रारम्भः**

(१) यो संस्थाको नाम “किरात राई यायोक्खा बेलायत” र संक्षिप्तमा “किराया बेलायत” तथा अंग्रेजीमा “*Kirat Rai Yayokkha United Kingdom*” छोटकरीमा *KRY UK* रहनेछ ।

(२) यो विधानको नाम किरात राई यायोक्खा बेलायतको बिधान चौथो संशोधित सन् २०१३ भनिनेछ र यो बिधान तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(४) किरात राई यायोक्खा बेलायतको (केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक) सम्पूर्ण काम कारवाई यसै विधानमा लेखिएअनुसार हुनेछ ।

**धारा २. उदेश्यः**

(१) बेलायतमा रहेका सम्पूर्ण किरात राईहरु बीच आपसी एकता र सद्भाव कायम गर्ने ।

(२) किरात राईहरुको भाषा, लिपि, धर्म, कला, संस्कृति र इतिहासको खोज, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने र सो कार्य गर्नेलाई सहयोग पु-याउने ।

(३) किरात राईहरु बीच आपतविपत आइपरेमा आवश्यक सहयोग आदान प्रदान गर्ने ।

(४) किरात राईहरुलाई शैक्षिक योग्यता विकाश गर्न, सामाजिक सेवामा संलग्न हुन, व्यावसायिक दक्षता हासिल गर्न उत्प्रेरित एवं मार्गनिर्देश गर्दै अझ सभ्य एवं सुसंस्कृत बनाउन पहल गर्ने ।

(५) किरात राईहरु बहुभाषी भएको हुँदा उक्त भाषाहरुको सरक्षण, सम्वर्द्धन र विकास गर्नका लागि किरायाका भाषिक संस्थाहरुलाई समन्वय गर्ने ।

(६) किरात राईहरुको हक अधिकार प्राप्तिको लागि कृयाशील हुने ।

(७) बेलायतमा रहेका बिभिन्न जात-जाति, धर्म र सम्प्रदायका मानिसहरु संग सम्बन्ध कायम गर्दै उनीहरुबीच किरात राईको पहिचानलाई जीवन्त बनाउदै सामाजिक एकता एवं ऐक्यवद्धताको निम्ति पहल गर्ने ।

(८) बेलायतमा क्रियाशील विभिन्न संघ संस्था तथा समुदायहरुहरुवीच मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने ।

(९) बेलायतको कानूनी व्यवस्थाबारे बेलायतमा बसोवास गरिरहेका सम्पूर्ण किरात राईहरुलाई जानकारी गराउने ।

(१०) नेपाली सांस्कृतिक कार्यक्रम तथा विचार गोष्ठिहरुको आयोजना गरी सांस्कृतिक तथा विविध बिचारहरुको आदानप्रदान गर्ने ।

**धारा ३.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

(१) "यायोक्खा" भन्नाले किरात राईहरुको संस्था भन्ने बुझाउछ ।

(२) "विधान" भन्नाले किरात राई यायोक्खा वेलायतको विधान चौथो संशोधित सन् २०१३ लाई जनाउनेछ ।

(३) "सदस्य" भन्नाले यसै विधानअनुसारका सदस्यता प्राप्त व्यक्तिलाई वुझाउनेछ ।

(४) "पदाधिकारी" भन्नाले किरात राई यायोक्खाको केन्द्रिय अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष, सदस्यहरु र सो शब्दले अन्य सबै क्षेत्रिय
तथा प्रारम्भिक तहका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरुलाई समेत जनाउनेछ ।

(५) "कार्यसमिति" भन्नाले किरात राई यायोक्खा बेलायतको केन्द्रिय, क्षेत्रिय तथा प्रारम्भिक कार्यसमितिहरु लाई बुझाउनेछ ।

(६) "निकाय" भन्नाले यस विधानअनुसार व्यवस्थित केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक संस्थाहरुका कुनै पनि तह, विभाग वा भाषिक संस्थाहरुलाई समेत बुझाउनेछ ।

(७) "नियमावली" भन्नाले किरात राई यायोक्खा बेलायतको विधान बमोजिम केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरुले वनाएको नियमावलीहरुलाई बुझाउनेछ ।

(८) "सम्मेलन" भन्नाले किरात राई यायोक्खा बेलायतको विधानमा व्यवस्था भए अनुसारको केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक तहहरुको सम्मेलनलाई बुझाउनेछ ।

(९) "बिशेष सम्मेलन" भन्नाले नियमित सम्मेलन बिशेष परिस्थितीवश असफल वा कुनै पनि कार्यसमितिको चौथो नियमित वैठकसम्ममा गणपुरक संख्या नपुगेको अवश्था शिर्जना भएमा त्यस पश्चात वोलाईने भेलालाई बुझाउनेछ, जसले सम्मेलनको प्रकृया संपन्न गर्न वा नयाँ कामचलाउ कार्यसमिति चयन गर्न मदत गर्दछ ।

(१०) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी क्षेत्रीय तथा प्रारम्भिक तहमा परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ ।

(११) “किरात धर्म” भन्नाले किरात धर्म (जन्मदेखि मृत्युसम्मको संस्कार र पितृ पूजा सम्पन्न गरिने विधी) लाई बुझाउनेछ ।

(१२) “भाषा” भन्नाले बिभिन्न थरीका राईहरुले वोल्ने भाषा लाई बुझाउदछ ।

(१३) “बार्षिक साधरण सभा” भन्नाले केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरुले आयोजना गर्ने साधरण सदस्यहरुको बार्षिक भेलालाई बुझाउनेछ ।

(१४) “भाषिक संस्था” भन्नाले किरात राई यायोक्खा बेलायतमा आवद्ध किरात राई भाषिक संस्थाहरुलाई जनाउदछ ।

(१५) “केन्द्र” भन्नाले केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(१६) “क्षेत्र” भन्नाले क्षेत्रीय कार्यसमिति र क्षेत्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(१७) “प्रारम्भिक” भन्नाले प्रारम्भिक कार्यसमिति र प्रारम्भिक कार्यालयलाई समेत बुझाउनेछ ।

## परिच्छेद-२
## संस्थाको स्वरूप

**धारा ४. यस संस्थाको स्वरूपः**

(१) यो संस्था एक अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित, सङ्गठित एवं स्वतन्त्र संस्था हुनेछ ।

(२) यस संस्थाले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, बेचबिखन गर्न र व्यवस्था गर्न सक्नेछ ।

(३) यो संस्था गैरराजनीतिक, गैरसरकारी तथा गैरनाफामुखी सामाजिक संस्थाको रूपमा रहनेछ ।

(४) यस संस्थाको आनै प्रतीक चिन्ह र छाप, झण्डा, शपथग्रहण, नाम पत्र र आवेदन फारम अनुसूची १, २, ३, ४ र ५ मा उल्लेख भएबमोजिम हुनेछ ।

(५) यो संस्थाले आनो नामबाट नालिस उजुर गर्न र संस्थालाई पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ । संस्थाको उदेश्य प्राप्तिको लागि कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरु उपर मुद्धा मामिला आइपरे सो को प्रतिरक्षा संस्थाद्धारा गरिनेछ ।

(६) यस संस्थाको केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक समितिहरु हुने छन्, जसको कार्यलयहरु बेलायतमा रहनेछ।

## परिच्छेद-३
## सदस्यता सम्बन्धि व्यवस्था

धारा ५. यस संस्थामा साधारण, आजीवन, संरक्षक, विशिष्ट संरक्षक, मानार्थ र पदेन गरी छ प्रकारका सदस्यहरु रहने छन्ः

(१) **साधारण सदस्यः**

किरात राई यायोक्खा बेलायतको विधान मान्न मञ्जूर अठार वर्ष उमेर पुगेका कुनैपनि किरात राईले तोकिएको शुल्क तिरी यस संस्थाको साधरण सदस्य बन्न सक्ने छ । अन्य जातिसंग विवाह भएका किरात राई महिला तथा किरात राई पुरुषसंग विवाह गरेका अन्य जातिका महिला पनि यस संस्थाको सदस्य बन्न सक्नेछन् । सदस्यता निरन्तरताको लागि तोकिएको समयावधिभित्र सदस्यता नविकरण गर्नुपर्नेछ ।

(क) **सदस्यता प्रदान विधिः**

सदस्यता लिन चाहने व्यक्तिले विधिवत रुपमा यस विधानको अनुसूचि ५ अनुसारको सदस्यता आवेदन फारम भरी कार्यसमितिमा बुझाउनुपर्नेछ र आवश्यक छानबिन पश्चात कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछ । सम्मेलनको समयमा सदस्यता वितरणको लागि कार्यसमितिले तोकेबमोजिमको समयावधि निर्धारण गरिनेछ ।

धारा ५.१ (ग) को २, ३, ४ र ५ को अवस्था रहेको ठहऱ्याएमा कार्यसमितिको बहुमतको निर्णयले कुनै पनि प्रकारको सदस्यता खारेज गर्न सकिनेछ । उक्त सदस्यता खारेज भएको व्यक्तिले मुक्त भइसकेपछि भने आफ्नो आचरण सुधार गरेको भनी सदस्यताको लागि पुनः अनुरोध गरेमा सो उपर कार्यसमितिले छानविन गरी उचित लागेमा पुनः सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) **सदस्यता शुल्क र नवीकरणः**

सदस्यता प्राप्तिको लागि सदस्यता शुल्क यू.के पाउण्ड ३० (तीस) लिई प्रत्येक ३ वर्षको लागि प्रदान गरिनेछ, त्यस पछि पुनः हरेक ३ वर्षमा नवीकरण गर्नुपर्नेछ ।

(ग) **सदस्यता समाप्तिः**

(१) तोकिएको अवधिभित्र सदस्यता नवीकरण नगरेको खण्डमा ।

(२) संस्थाको विधान उल्लंघन गरेमा ।

(३) संस्थाको हित र प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

(४) नैतिक पतन हुने गरी वा फौजदारी अभियोग लागी दोषी प्रमाणित भएमा ।

(५) मानसिक संतुलन ठीक नरहेको प्रमाणित भएमा ।

(६) मृत्यु भएमा ।

(२) **आजीवन सदस्यताः**

(क) आजीवन सदस्यता प्राप्तिको लागि यू.के पाउण्ड १०० (एक सय) शुल्क लिई कार्यसमितिले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) आजीवन सदस्यहरुलाई साधारण सदस्यमा निहित सबै अधिकारहरु प्राप्त हुनेछ ।

(ग) आजीवन सदस्य लिईसकेको सदस्यहरुलाई त्यसपश्चात कुनै पनि शुल्क लाग्ने छैन । खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ ।

(३) **संरक्षक सदस्यताः**

(क)  संरक्षक सदस्यता प्राप्तिको लागि यू.के पाउण्ड २०० (दूई सय) शुल्क लिई कार्यसमितिले संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख)  संरक्षक सदस्यहरुलाई साधारण सदस्यमा निहित सबै अधिकारहरु प्राप्त हुनेछ ।

(ग)  संरक्षक सदस्यता लिईसकेको सदस्यहरुलाई त्यसपश्चात कुनै पनि शुल्क लाग्ने छैन । खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ ।

(४)  **विशिष्ट संरक्षक सदस्यता:**

(क)  विशिष्ट संरक्षक सदस्यता प्राप्तिको लागि यू.के पाउण्ड ५०० (पाँच सय) शुल्क लिई कार्यसमितिले विशिष्ट संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख)  विशिष्ट संरक्षक सदस्यहरुलाई साधारण सदस्यमा निहित सबै अधिकारहरु प्राप्त हुनेछ ।

(ग)  विशिष्ट संरक्षक सदस्यता लिईसकेको सदस्यहरुलाई त्यसपश्चात कुनै पनि शुल्क लाग्ने छैन। खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ ।

(घ)  विशिष्ट संरक्षक सदस्यहरुलाई संस्थाका कार्यकमहरुमा बिशेष स्थान दिईनेछ ।

(५)  **मानार्थ सदस्यता:**

(क)  यस संस्थालाई कुनै पनि किसिमले योगदान पुऱ्याएका ख्याति प्राप्त कुनै पनि मुलुकका नागरिक लाई कार्यसमितिको बहुमतको निर्णयले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख)  मानार्थ सदस्यहरुलाई महाधिवेशनमा उम्मेद्वार हुने र मत दिने अधिकार रहनेछैन ।

(ग)  मानार्थ सदस्यहरुलाई कुनै पनि शुल्क लाग्ने छैन । खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ ।

(६)  **पदेन सदस्यता:**

(क)  किरात राईहरुको भाषिक संस्थाहरुबाट केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्वगर्ने व्यक्तिहरुलाई पदेन सदस्य मानिनेछ ।

(ख)  पदेन सदस्यहरुको पदावधि नियुक्त भएको मितिदेखि आउदो सम्मेलन सम्मलाई हुनेछ ।

**धारा ६.सल्लाहकार समितिको गठन:**

(१)  यस संस्थालाई सल्लाह र सुझाव दिनका लागि निवर्तमान केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक तहहरुका अध्यक्ष तथा समाजको हितका लागि कार्यरत व्यक्तिहरूबाट सल्लाहकारको नियुक्ति कार्यसमितिले गर्नेछ ।

(२)  सल्लाहकारहरूको पदावधि नियुक्त भएको मितिदेखि आउदो सम्मेलन सम्मलाई हुनेछ ।

(३)  सल्लाहकार समितिका सदस्यहरुले कार्यसमितिको बैठकमा उपस्थित भई बैठकलाई परिणाममूलक बनाउन तथा संस्थाको बृहत्तर हितका निम्ति आवश्यक सल्लाह र सुझावहरु दिन सक्नेछन् तर गणपूरक संख्याको रूपमा मानिनेछैन ।

## परिच्छेद-४
## केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनः

**धारा ७.**

(१) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक सम्मेलन यस संस्थाको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

(२) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनहरु प्रत्येक तीन तीन (३/३) वर्षमा एक पटक सम्पन्न हुनेछन् ।

(३) सम्मेलन हुने मिति, समय र स्थान कार्यसमितिले कम्तिमा २ महिना अगावै सार्वजनिक सूचना प्रकाशित गरी सुसूचित गराउनु पर्नेछ ।

(४) धारा ८.१ को उपधारा क र ख बमोजिम, केन्द्रीय सम्मेलनमा प्रतिनिधिहरु हुनेछन् ।

(५) धारा ५ को उपधारा १, २, ३ र ४ बमोजिमका कुनै पनि सदस्यहरु आ-आफ्ना क्षेत्रीय तथा प्रारम्भिकको सम्मेलनमा प्रतिनिधिहरु हुनेछन् ।

(६) सम्मेलनले संस्थाको उद्देश्य अनुरुप विभिन्न नीति एवं कार्यक्रमहरु तर्जुमा गर्नुको साथै विधान संशोधन गर्न सक्नेछ ।

(७) सम्मेलनमा कार्यसमितिले गरेका कामहरुको सांगाठानिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

(८) सम्मेलनले संघका भावी नीति तथा कार्यक्रम वा विभिन्न निर्णयार्थ प्रस्तुत सवालहरुमा निर्णय पारित गर्नेछ ।

(९) सम्मेलनले बहुमतको आधारमा निर्वाचन तथा नयाँ कार्यसमिति चयन गर्नेछ ।

**धारा ८. केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनको गठन :**

१. **केन्द्रीय सम्मेलनको गठन देहायअनुसार हुनेछ ।**

(क) निवर्तमान केन्द्रीय अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष र केन्द्रीय सदस्यहरु एक अवधिका लागि सम्मेलन प्रतिनिधि रहनेछन् ।

(ख) संपूर्ण केन्द्रीय सदस्य, आजीवन सदस्य, संरक्षक सदस्य, विशिष्ट संरक्षक सदस्यहरु सम्मेलनमा प्रतिनिधि रहनेछन् ।

(ग) धारा ५ को उपधारा ५ बमोजिमका सदस्यहरु केन्द्रीय सम्मेलनमा पर्यवेक्षकको रुपमा उपस्थित हुन पाउनेछन् । उनीहरुलाई कुनै पनि सवालमा निर्णायक वहसको भुमिका निहित हुनेछैन तर आवश्यक सुझाव भने दिन सक्नेछन् ।

२. **क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनको गठन देहायअनुसार हुनेछः**

(क) धारा ५ को उपधारा १, २, ३ र ४ बमोजिमका सदस्यहरु आ-आफ्नो क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनमा प्रतिनिधि रहनेछन् ।

(ख)    धारा ५ को उपधारा ५ बमोजिमका कुनै पनि सदस्यहरु आ-आफ्नो क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनमा पर्यवेक्षकको रुपमा उपस्थित हुन पाउनेछन् । उनीहरुलाई कुनै पनि सवालमा निर्णायक वहसको भुमिका निहित हुनेछैन तर आवश्यक सुझाव भने दिन सक्नेछन् ।

**धारा ९. सम्मेलन हुन नसकेमा :**

(१)    विशेष कारणवश कार्यसमितिले यस विधानमा तोकेको अवधिभित्र सम्मेलन सम्पन्न गर्न नसकेमा सम्मेलन सम्पन्न गर्नुपर्ने दिन देखि तीन महिना नबढाई सम्मेलनको मिति तोकी सो अनुसार प्रकृया अघि बढाई सम्मेलन सम्पन्न गर्नु पर्नेछ ।

(२)    विधानको ७ (३) अनुसार मिति तोकेर पनि तोकिएको मिति भित्र सम्मेलन सम्पन्न गर्न नसके तत्कालिन कार्यसमिति स्वत विघटन भएको मानिनेछ । यस्तो परिस्थिति सृजना भएमा आजीवन तथा संरक्षक सदस्यहरुले सम्मेलन सम्पन्न गर्नका निमित्त पहल गर्नेछ । सम्मेलनको लागि आजीवन तथा संरक्षक सदस्यहरुको भेलाले कम्तिमा ५ सदस्यीय सम्मेलन आयोजक समिति गठन गर्नेछ । उक्त समितिले ढिलोमा तीन महिनाभित्र सम्मेलन सम्पन्न गर्नेछ ।

(३)    यसरी नँया कार्यसमिति निर्वाचित भई सकेपछि भने अघिल्लो कार्यसमितिका पदाधिकारीहरुको साथमा रहेको यस संस्थाका चल-अचल सम्पत्तिहरु व्यक्तिगत ऋण सरह अशुल उपर गरेर लिनु पर्नेछ । अन्य प्रचलित कानुन अनुसार हुने कुराहरुको हकमा भने सोही अनुसार हुनेछ ।

**धारा १०. विशेष सम्मेलनः**

निम्न परिस्थिति उत्पन्न भएमा विशेष सम्मेलन हुनेछ । विशेष सम्मेलन सम्पन्न हुने प्रकृया पनि नियमित सम्मेलनको जस्तै हुनेछ ।

(१)    नियमित सम्मेलनमा मुख्य पदसहित ५१ प्रतिशत पदाधिकारी चयन हुन नसकेमा, यस स्थितिमा प्रतिनिधिहरुमध्येबाट कम्तिमा ५ सदस्यीय विशेष सम्मेलन तयारी समिति गठन गरिनेछ । उक्त समितिले ढिलोमा तीन महिनाभित्र विशेष सम्मेलनको आयोजना गर्नेछ । विशेष सम्मेलनबाट अध्यक्ष र महासचिव वा सचिव साथै कम्तिमा ५१ प्रतिशत पदाधिकारी अनिवार्य चयन हुनुपर्नेछ । बाँकी पदाधिकारी कार्यसमितिले चयन गर्नेछ ।

(२)    कार्यसमितिको बैठकमा लगातार चौथो पटकसम्म पनि गणपूरक संख्या नपुगेमा । यस स्थितिमा सल्लाहकार समिति सहितको बैठक आह्वान गरी विशेष सम्मलेन आयोजक समिति गठन गरिनेछ । उक्त समितिले गठन भएको तीन महिनाभित्र विशेष सम्मेलन बोलाउनु पर्नेछ ।

(३)    केन्द्रीय, क्षेत्रीय वा प्रारम्भिक कार्यसमितिले आवश्यक ठानेमा वा सम्मेलनका ४० प्रतिशत सदस्यहरुले कार्यसमिति विरुद्ध महाअभियोग लगाई दर्ता गरेमा, महाअभियोग दर्ता भएपछि सो प्राप्त भएको मितिले तीन महिनाभित्र कार्यसमितिले विशेष सम्मेलनको आयोजना गर्नु पर्नेछ ।

## परिच्छेद-५
## कार्यसमितिको गठन

**धारा ११. केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिको गठनः**

यस संस्थाको दैनिक कामकार्वाही सञ्चालन तथा सम्पन्न गर्न एक कार्यसमितिको गठन गरिने छ । यस संस्थाको केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरु हुनेछन :

(१)    **केन्द्रीय कार्यसमितिको गठन : केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ ।**

(क) केन्द्रीय कार्यसमितिमा निम्न लिखित देहाय बमोजिमको पदाधिकारी रहनेगरि एक कार्य समितिको चयन गरिनेछ जसमा अध्यक्ष - १, उपाध्यक्ष (कम्तिमा एक महिला अनिवार्य रहने गरि) - ४, महासचिवः - १, सचिवः -२, कोषाध्यक्ष - १, सह-कोषाध्यक्ष - १ र केन्द्रीय सदस्यहरु २५ देखी ३१ जना सम्म आवश्यक अनुसार चयन गरिनेछ ।

(ख) केन्द्रीय कार्यसमितिको उमेदवारीमा केन्द्रीय कार्यसमितिमा कम्तिमा एक कार्यकाल गरिसकेको व्यक्तिलाइ मात्र सह-कोषाध्यक्ष भन्दा माथिको पदमा उमेदवारी पेश गर्न सक्ने छ ।

(ग) प्रत्येक क्षेत्रीय तथा प्रारम्भिक संस्थाहरु वाट एक एक (१/१) जना केन्द्रीय सदस्य तथा प्रत्येक भाषिक संस्थाहरु वाट एक एक (१/१) जना पदेन सदस्य लिन सकिनेछ । कार्यसमितिका अन्य सदस्यहरु आवश्यकता अनुशारे केन्द्रीय कार्यसमितिका वैठकले मनोनित गर्नेछ ।

(घ) सम्मेलनले कम्तिमा पनि ५१ प्रतिशत केन्द्रीय कार्यसमितिको निर्वाचन अनिवार्य गर्नुपर्नेछ ।

(ङ) निर्वाचित तथा मनोनित संपूर्ण केन्द्रीय पदाधिकारीहरुको पदावधि आगामि सम्मेलन सम्मलाई हुनेछ।

(च) केन्द्रीय कार्यसमितिमा कुनै पनि निर्वाचित वा मनोनित कुनै पनि एक पदमा पदाधिकारीको कार्यकाल २ अवधि सम्म निहित रहनेछ, तर यदि वाध्यता हुने स्थिती आए एक अवधि थप गरि वढिमा ३ अवधि सम्म निहित रहनेछ ।

(छ) केन्द्रीय कार्यसमितिको वैठक तथा कार्यक्रमहरुको अध्यक्षता कार्यसमितिका अध्यक्षले र नीजको अनुपस्थितिमा उपाध्यक्षले (जेष्ठताको आधारमा) गर्नेछन् ।

(२) **क्षेत्रीय तथा प्रारम्भिक कार्यसमिति हरुको गठन** : वेलायतको कुनै पनि भु-भागमा वसोवास गर्ने किरात राईहरुले क्षेत्रीय तथा प्रारम्भिक कार्यसमिति गठन गर्न सक्नेछन् । कार्यसमिती गठन गर्दा आवस्यक अनुशार गठन गर्न सक्नेछन् ।

(क) क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरु आवश्यकता अनुशार गठन गरिनेछ ।

(ख) कुनै पनि क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरुको गठन शुरुवातको चरणमा केन्द्रीय कार्यसमितिको सिफारिस वाहेक क्षेत्रीय तथा प्रारम्भिक सम्मेलनहरुले चयन गर्नेछ ।

(ग) सम्मेलनले कम्तिमा पनि ५१ प्रतिशत क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिको निर्वाचन अनिवार्य गर्नुपर्नेछ ।

(घ) निर्वाचित तथा मनोनित संपूर्ण क्षेत्रीय तथा प्रारम्भिक पदाधिकारीहरुको पदावधि आगामि सम्मेलन सम्मलाई हुनेछ ।

(ङ) क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिमा कुनै पनि निर्वाचित अध्यक्षको कार्यकाल बढिमा २ अवधि सम्म निहित रहनेछ । तर यदि वाध्यता हुने स्थिती आए प्रारम्भिक कार्यसमितिलाइ यो नियम लाग्ने छैन ।

(च) कुनै पनि कार्यसमितिको वैठक तथा कार्यक्रमहरुको अध्यक्षता कार्यसमितिका अध्यक्षले र नीजको अनुपस्थितिमा उपाध्यक्षले (जेष्ठताको आधारमा) गर्नेछन् ।

**धारा १२. विभागः**

कुनै पनि कार्य समितिहरुका कुनै पनि पदाधिकारीको प्रमुखत्वमा देहाय वमोजिमको विभागहरु रहन सक्ने छन्

माङखिम तथा साकेला स्थल व्यवस्थापन विभाग, संगठन विभाग, आर्थिक विभाग, महिला विभाग, धर्म संस्कार तथा सांस्कृतिक विभाग, प्रचार प्रसार विभाग, कानूनी परामर्श विभाग, विधार्थी विभाग, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग, प्रकाशन विभाग, अनुशासन विभाग, अनुसन्धान तथा अभिलेख विभाग, व्यापार तथा व्यवसाय विभाग र युवा तथा खेलकुल विभाग । अन्य निकायहरु तोकिए बमोजिम गठन हुनेछन् ।

**धारा १३. कार्यसमितिको काम कर्तव्य र अधिकारः**

(१) दैनिक प्रशासकीय कार्य संचालन गर्ने ।

(२) नियमित बैठक बसी यस संस्थाको उद्देश्य अनुसार र सम्मेलनले निर्देशित गरे मुताविक नीति निर्माण गर्ने वार्षिक कार्ययोजना तर्जुमा गर्ने र वार्षिक वजेट कार्यन्वयन गर्ने ।

(३) संस्थाका प्रत्येक सरोकारका विषयहरुमा छलफल गर्दै विधान वमोजिम निर्णयहरु गरी कार्यान्वयन गर्ने ।

(४) कार्यन्वयन भएका कामहरुको अनुगमन गर्ने ।

(५) कार्यसमितिले आवश्यकता अनुसार आयोग, कार्यदल, उपसमिति, विभागहरुको गठन गरि तिनीहरुको काम कर्तव्य र अधिकार तोक्न वा अनावश्यक ठानेमा विघटन गर्न सक्नेछ ।

(६) कार्यसमितिका पदाधिकारी, सल्लाहकार, विभिन्न विभाग वा अन्य समितिका पदाधिकारी उपर उजुरी परेको खण्डमा सो उपर छलफल गरी अन्तिम निर्णय दिने ।

(७) संस्थाको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(८) संस्थाको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति उपलब्ध स्रोतको परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यबस्था उपसमिति गठन गर्ने ।

(९) संस्थाका चल अचल सम्पतिहरुको सुरक्षा तथा व्यवस्था गर्ने ।

(१०) कार्यसमितिले आवश्यक ठानेमा एक सचिवालयको गठन गरी दैनिक कार्य सञ्चालन गर्न सक्नेछ, उक्त सचिवालयमा सदस्यहरु वाहेक मुख्य पदाधिकारीहरु रहनेछन । सचिवालयले गरेका सम्पूर्ण निर्णयहरु कार्यसमितिको नियमित वैठकवाट अनुमोदन गराउनुपर्नेछ ।

(११) सरकारी तथा गै-ह सरकारी संघ संस्थाहरुसंग सम्पर्क गर्नु ।

(१२) केन्द्रीय कार्यसमितिले नेपाल लगायत संसारका बिभिन्न ठाँउमा स्थापित किरात राई यायोक्खाहरुसंग सम्पर्क तथा मैत्री कायम राखी परस्पर हितलाई संरक्षण गर्ने ।

(१३) सम्मेलनको आयोजना गर्ने, संशोधनका लागि प्रस्तावित विधान तयार गर्ने, आर्थिक तथा सांगाठानिक प्रतिवेदन लगायतका सम्पूर्ण तयारीहरु गरी सम्मेलन सम्पन्न गर्ने ।

(१४) यस विधानमा कार्यसमितिले गर्ने भनी तोकेको अन्य अधिकार क्षेत्र प्रयोग गर्न सक्नेछ ।
धारा १४. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

(क) **अध्यक्ष**

(१) संस्था प्रमुख रहेर संस्था संचालन गर्ने ।

(२) कार्य समितिको कार्यप्रमबैठक तथा बिभिन्न कार्यक्रमहरुको अध्यक्षता गर्ने ।

(३) बैठकमा कुनै विषय उपर पदाधिकारीहरुबीच मत विभाजन भएमा निर्णायक मत दिने ।

(४) संस्थाको उद्देश्य प्रतिकुल नहुने गरी विभिन्न सन्धि, सम्झौता आदिमा हस्ताक्षर गर्ने साथै आवश्यकता अनुसार तोक आदेश आदि जारी गर्ने ।

(५) कार्य समितिलाई क्रियाशिल बनाउदै समान उद्धेश्य भएको जातीय संघ, संस्थाहरुसंग संबन्ध स्थापित गर्ने ।

(६) आर्थिक कारोवारका लागि खाता सञ्चालन गर्न हस्ताक्षर गर्ने ।

(७) बैठकमा पेश गरिने प्रस्तावहरु तयार गर्न लगाउने, पारित प्रस्तावहरु कार्यान्वयन गराउने, नियमित र आकस्मिक बैठकहरु बेलाउन लगाउने ।

(८) सम्मेलन प्रतिनिधिहरुप्रति जवाफदेही हुने र सम्मेलनद्धारा पारित नीति र निर्देशन पालना गर्ने गराउने ।

(९) राजीनामा स्वीकृति गर्ने संस्थाको प्रमुखको हैसियतमा अन्य भूमिका निभाउने ।

(ख) **उपाध्यक्ष**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पूर्ण काम गर्ने ।

(२) अध्यक्षको अनुपस्थितिमा बैठक तथा कार्यक्रमको अध्यक्षता गर्ने ।

(३) अध्यक्षको कार्य संचालनमा सहयोग गर्ने ।

(४) कार्यसमितिले दिएको अन्य जिम्मेवारीहरु पुरा गर्ने ।

(ग) **महासचिव वा सचिव**

(१) कार्यसमितिले गठन गरेका विभिन्न विभागहरुको विभागीय प्रमूखहरुको कार्य सम्पादन, संयोजन तथा अनुगमन गर्नेछ ।

(२) संस्थाको सांगाठानीक मामिलासम्बन्धी प्रखुखको हैसियतले सम्मेलन प्रतिनिधिहरूसँग जवाफदेही हुनुपर्नेछ ।

(३) विभिन्न विभागका आवधिक प्रगति प्रतिवेदन विभागीय प्रमूखहरुबाट लिने, आवश्यक निर्देशन, सुपरिवेक्षण गर्ने ।

(४) कार्यसमितिको बैठक तथा बार्षिक साधरण सभा वा अन्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

५) संस्थाको महत्वपूर्ण कागजहरूको हिफाजत गर्ने ।

(६) संस्थाको गतिविधिहरूको अभिलेख राख्ने ।

(७) अध्यक्षसंग सल्लाह गरी कार्यसमितिको बैठक बोलाउने ।

(८) आर्थिक कारोबारका लागि खाता सञ्चालन गर्न हस्ताक्षर गर्ने ।

(९) छलफल गर्नपर्ने विषयहरु अध्यक्षसंग सल्लाह गरी बैठकमा प्रस्तुत गर्ने ।

(१०) कार्यसमितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(घ) **सचिव वा सह-सचिव**

(१) महासचिव वा सचिवको अनुपस्थितिमा बैठक तथा कार्यक्रमको संचालन गर्ने ।

(२) महासचिव वा सचिवको अनुपस्थितिमा महासचिव वा सचिवले गर्नुपर्ने अन्य सम्पूर्ण कामहरु गर्ने ।

(३) कार्य समितिको बैठकमा भएका निर्णयहरुको अभिलेख राख्ने र बैठकको निर्णयहरु लेख्ने ।

(४) बैठकमा भएका निर्णयहरुको सूचना प्रवाह गर्ने ।

(५) सम्मेलनमा प्रस्तुत गरिने प्रतिवेदन तयार पार्न महासचिव वा सचिवहरु लाई सहयोग गर्ने ।

(६) समितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(ङ) **कोषाध्यक्ष**

(१) संस्थाको निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अभिलेख राख्ने ।

(२) कार्यसमितिद्धारा निर्णय गरेको बैङ्कमा संस्थाको नाममा खाता खोल्ने र कार्यसमितिको निर्णयानुसार खाता सञ्चालन गर्ने ।

(३) संस्थाका निम्ति प्राप्त हुने सदस्यता शुल्क, मासिक सहयोग रकम र अन्य शुभेच्छुक र समर्थकबाट प्राप्त हुने रकम सङ्कलन गर्ने ।

(४) समितिको नियमित आय व्यय विवरण दुरुस्त राख्ने र नियमित बैठकहरुमा प्रस्तुत गर्ने ।

(५) समितिले चाहेको बेला आयव्यय विवरण प्रस्तुत गर्ने ।

(६) अध्यक्ष, महासचिव वा सचिव र कोषाध्यको सयूक्त हस्ताक्षवाट संस्थाको नाममा बैंकखाता सञ्चालन गर्ने ।

(७) वार्षिक साधरण सभा र सम्मेलन अगावै लेखा परीक्षण गराई वार्षिक साधरण सभा र सम्मेलनमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

(८) संस्थाको चल, अचल सम्पत्तिको श्रेस्ता राख्ने र तिनीहरुको जिम्मा लिने ।

(९) समितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(च) **सह-कोषाध्यक्ष**

(१) कोषाध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।

(२) कोषाध्यक्ष अनुपस्थितिमा कोषाध्यक्षले गर्नुपर्ने सम्पूर्ण कामहरु गर्ने ।

(३)  समितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(छ)  **सदस्यहरु**

(१)  संस्थाको वैठकमा नियमित उपस्थित हुने ।

(२)  बैठकपूर्व बैठकका विषयहरु तय गर्न सचिव वा सहसचिव लाई सहयोग गर्ने र छलफलमा भाग लिने ।

(३)  वैठककमा मतदान गर्ने ।

(४)  वैठकले गरेका निर्णयहरु पालना गर्ने गराउने ।

(५)  समितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**धारा १५. आर्थिक श्रोत तथा कोषको व्यवस्था :**

१.  **देहायबमोजिम श्रोतहरुबाट प्राप्त हुने नगद वा जिन्सी यस संस्थाको आर्थिक श्रोत मानिनेछः**

(क)  सदस्यता वितरणबाट प्राप्त शुल्क ।

(ख)  सदस्य नवीकरणबाट प्राप्त शुल्क ।

(ग)  पदाधिकारीहरुबाट संकलन शुल्क ।

(घ)  विविध कार्यक्रमहरुबाट संकलन भएको रकम ।

(ङ)  यस संस्थालाई विविध किसिमले प्राप्त भएको चन्दा, पुरस्कार तथा सहयोग रकम ।

(च)  यस संस्थाबाट निर्मित तथा प्रकाशित विभिन्न सामाग्रीहरुको बिक्री बितरणबाट प्राप्त हुने रकम ।

२.  **केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक संस्थाहरुको आ-आफ्नो छुट्टै कोष देहायका रकमहरु वमोजिम रहनेछ।**

(क)  क्षेत्रीय तथा प्रारम्भिक समितिहरुले संकलन गरेको सदस्यता नवीकरण तथा सवै प्रकारका सदस्यता वाट प्राप्त रकमको ६०% (साठि प्रतिशत) केन्द्रीय समितिलाई बुझाउनु पर्नेछ ।

(ख)  क्षेत्रीय तथा प्रारम्भिक समितिहरुले सरकार तथा बिदेशी दातृसंस्थाहरुवाट प्राप्त अनुदान रकमको केहि प्रतिशत केन्द्रलाई बुझाउनु पर्नेछ ।

(ग)  क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरुलाई साधारण, आजीवन, संरक्षक, विशिष्ट संरक्षक तथा मानार्थ सदस्यता पत्र केन्द्रीय कार्यसमितिले उपलब्ध गराउनेछ ।

(घ)  प्रत्येक क्षेत्रीय तथा प्रारम्भिक संस्थाहरुले आ-आफ्नो आर्थिक कृयाकलापहरुको जानकारि केन्द्रलाई गराउनुपर्नेछ ।

३.  **खाता संचालनः**

(क)  यस संस्थाको नाममा छुट्टै बैंक खाता संचालन गरिनेछ ।

(ख) सामान्यतया कार्यसमितिको अध्यक्ष, महासचिव वा सचिव र कोषाध्यक्षको नाममा बैंक खाता संचालन गरी कुनै दुई व्यक्तिहरुको हस्ताक्षरबाट रकम निकासा गरिनेछ जसमा कोषाध्यक्ष अनिवार्य रहनेछ ।

(ग) विशेष परिस्थिति सृजना भएको खण्डमा कार्यसमितिको बैठकको निर्णयद्वारा अन्य पदाधिकारीहरुको नामबाट समेत बैंक खाता संचालन गर्न सकिने छ ।

४. **लेखापरीक्षण समितिः**

कुनै पनि कार्यसमितिले कुनैपनि कार्यसमितिको सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरिनेछ। लेखापरीक्षण समितिले लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित कार्यसमितिको वार्षिक आय-व्ययको लेखापरीक्षण गराउनेछ र प्रतिवेदन कार्यसमितिमा बुझाउनेछ । प्राप्त प्रतिवेदन कार्यसमितिले पारित गरी कोषाध्यक्षले साधरण बार्षिक सभा वा सम्मेलनमा प्रस्तुत गर्नेछ ।

**धारा १६ कार्यसमितिको विघटन : देहायको स्थितिमा कार्यसमिति विघटन हुनेछ ।**

(१) कुनै पनि कार्यसमितिका कूल सदस्य संख्याको कम्तिमा ४० प्रतिशत सदस्यहरुले कार्यसमिति समक्ष लिखित रुपमा कार्यसमितिको विघटन गर्ने मागसहितको आवेदन दिएमा सो उपर कार्यसमितिको नियमित बैठकमा छलफल गर्नुपर्नेछ । यसरी छलफल हुदा कुनै पनि कार्यसमितिको कुल संख्याको २/३ बहुमतले कार्यसमिति विघटन गर्ने राय दिएमा कार्यसमिति स्वतः विघटन हुनेछ ।

(२) कुनै पनि कार्यसमितिको बैठकमा लगातार चौथो पटकसम्म पनि बैठकको गणपूरक संख्या नपुगेमा कार्य समिति विघटन हुनेछ । यसरी कार्यसमिति विघटन भएमा विघटन भएको मितिले ३ महिनाभित्र अर्को विशेष सम्मेलन आयोजना गरी नँया कार्यसमिति गठन गरिसक्नु पर्नेछ । सम्मेलन हुने अवधिसम्मको लागि सोही कार्यसमितिलेनै नियमित कार्यहरु गर्नेछ, तर दीर्घकालिन रुपमा संस्थालाई असर पुऱ्याउने खालका कार्य र निर्णयहरु भने गर्नपाउने छैन ।

(३) कुनै पनि कार्यसमिति विघटन भएको खण्डमा सो मातहतका सबै विभाग तथा समितिहरु समेत स्वतः विघटन भएको मानिनेछ ।

**धारा १७. बैठक तथा बार्षिक साधरण सभा :**

(१) **बैठकः**

(क) कार्यसमितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ । विशेष परिस्थिति सृजना भएमा अध्यक्ष र महासचिव वा सचिवको सल्लाह अनुसार जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ ।

(ख) कूल पदाधिकारीहरु मध्ये ५१ प्रतिशत भन्दा माथिको उपस्थितिलाई बैठकको गणपूरक संख्या मानिनेछ ।

(ग) गणपूरक संख्या नपुगी दुई पटकसम्म लगातार बैठक स्थगित भएमा तेश्रो पटक जतिजना पदाधिकारीहरु उपस्थित भए पनि त्यसैलाई गणपूरक संख्या मानी बैठक संचालन गरी नियमित बैठक सोसरह निर्णयहरु गर्न सकिनेछ । त्यसपछि चौथो पटक पनि लगातार गणपूरक संख्या नपुगेमा विधानको धारा १० (२) को स्थिति सिर्जना भएको मानिनेछ ।

(२) **बार्षिक साधरण सभाः**

(क) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक कार्यसमितिहरुले वर्षको १ पटक आम साधरण सदस्यहरुलाई सूचित गरी बार्षिक साधरण सभाको आयोजना गर्न सक्नेछन् । यसरी आयोजना गरिएको सभामा सांगाठानिक तथा आर्थिक

प्रतिवेदन प्रस्तुत गर्नको साथै अन्य विविध बिषयहरु लगाएत कार्यसमितिले गरेको कामहरुको लेखाजोखा गर्ने तथा कार्य समितिको कामलाई प्रभावकारी बनाउन सुझावहरु संकलन गर्न सक्नेछ ।

(ख) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक समितिहरुको बार्षिक साधरण सभामा धारा ५ को उपधारा १, २, ३ र ४ बमोजिमका कुनै पनि सदस्यहरु उपस्थित भई बिभिन्न सवालहरुमा निर्णायक वहसको भुमिका निभाउन सक्नेछन् ।

धारा १८. पद रिक्तता र पदपूर्तिः

(१) **पद रिक्तता : देहायको अवस्था सृजना भएमा कार्यसमितिमा पद रिक्त हुनसक्नेछ ।**

(क) **खारेजीः**

१. पूर्व सूचना वा उचित कारण बिना कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा ।

२. आर्थिक अनियमितता, नैतिक पतन वा संस्थाको हित विपरित कुनैपनि गतिविधिहरु गरेको भनी प्रमाणित हुन आएमा ।

३. कुनै पदाधिकारीले स्थाई रुपले बेलायत छोडेमा वा मृत्यू भएमा ।

४. कुनै पदाधिकारी यस विधान अनुसार सदस्य नरहने अवस्था सृजना भएमा ।

५. कुनै पनि पदाधिकारीले बेलायतको प्रचलित कानून बमोजिम नैतिक पतन हुने अभियोगमा सजाय पाएमा वा सम्बद्ध संस्थाले फिर्ता बोलाएमा वा पदावधि समाप्त भएमा पद रिक्त भएको मानिनेछ ।

(ख) **राजिनामाः**

१. कार्यसमितिको कुनै पनि पदाधिकारीले कार्यसमितिसमक्ष आफ्नो पदबाट राजिनामा पेश गर्न सक्नेछ।

२. राजिनामा पत्रमाथि छलफल एवं जाँचबुझ गरी स्वीकृत गर्ने वा नगर्ने भन्ने कुराको अन्तिम फैसला कार्यसमितिको बैठकले गर्नेछ । कूल पदाधिकारीको दुई तिहाई बहुमतले राजिनामा स्वीकृत गर्ने निर्णय गरेमा सो लागू हुनेछ ।

३. राजिनामा पेश भएको मितिले तीन महिनाभित्र स्वीकृत भए वा नभएको कुराको जानकारी, समितिले सम्बन्धित पदाधिकारीलाई गराउनु पर्नेछ ।

(२) **पदपूर्तिः**

(क) केन्द्रीय पदाधिकारीको कुनै पनि पद रिक्त हुन आएमा केन्द्रीय कार्यसमितिको बहुमतको निर्णयले पदपूर्ति गर्न सक्नेछ तर केन्द्रीय सदस्य (क्षेत्रीय तथा प्रारम्भिक प्रतिनिधि) तथा पदेन सदस्यको हकमा भने संबन्धित क्षेत्रीय र प्रारम्भिक तथा भाषिक संस्थाले मनोनयन गरि केन्द्रमा पठाउनु पर्नेछ ।

(ख) कुनै पनि क्षेत्रीय तथा प्रारम्भिक समितिको कुनै पनि पदाधिकारीको पद रिक्त हुन आएमा संबन्धित कार्यसमितिको बहुमतको निर्णयले पदपूर्ति गर्न सक्नेछ ।

(ग) रिक्तस्थानमा पूर्ति गरिएको पदाधिकारीको पदावधि समितिको बाँकी अवधिसम्म कायम रहनेछ ।

# परिच्छेद-६
# विविध

**धारा १९. संरक्षकत्वः**

वेलायतमा खुलेका विभिन्न किरात राईका भाषिक, सांस्कृतिक तथा धार्मिक संघसंस्थाहरुलाई आवश्यकीय संरक्षकत्व प्रदान गर्न सकिनेछ । कुनैपनि समूह वा संघसंस्थालाई संरक्षकत्व प्रदान गर्दा ती संस्थाहरुलाई स्वायत्तता प्रदान गरिनेछ । यसो भएता पनि ती संघसंस्थाहरु किरात राई यायोक्खा वेलायतप्रति उत्तरदायी रहेको उक्त संस्थाको विधान वा निर्देशिकापत्रमा उल्लेख वा लिखित रुपमा प्रतिबद्धता जाहेर गरिएको हुनु पर्नेछ ।

**धारा २०. कार्यक्रमहरुः**

केन्द्रीय, क्षेत्रीय तथा प्रा क स संस्थाहरुका मुख्य बार्षिक कार्यक्रमहरु केन्द्रीय कार्यसमितिद्वारा प्रकाशित क्यालेण्डर अनुशारनै हुनेछ ।

**धारा २१. गणपूरक सङ्ख्याः**

संस्थाका सबै निकायहरुको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ ।

**धारा २२. अविश्वासको प्रस्ताव :**

संस्थाको जुनसुकै कार्य समितिका पदाधिकारी सदस्यहरु उपर अविश्वासको प्रस्ताव ल्यानु परेमा केन्द्रीय, क्षेत्रीय र प्रारम्भिक संस्थाहरुको कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुले हस्ताक्षर गरि अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिका अध्यक्ष समक्ष प्रस्तुत गर्नुपर्नेछ र अध्यक्षले सो प्रस्ताव प्राप्त भएको ३ महिनाभित्र सो प्रस्ताव माथि छलफल गराउनु पर्नेछ । अध्यक्षको विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्नु परेमा सम्बन्धित समितिका उपाध्यक्ष समक्ष पेश गर्नु पर्नेछ । अविश्वासको प्रस्ताव पारित गर्न सम्बन्धित कार्यसमितिले ३ महिना भित्र साधरण सभाको आयोजना गरि छलफलको माध्यम द्वारा कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित गर्न सक्नेछ । जुन व्यक्ति विरुद्ध अविश्वासको प्रस्ताव राखिएको हो नीजले सफाइको मौका भने पाउनेछ ।

**धारा २३. अध्यक्ष मण्डल तथा निर्वाचन मण्डल :**

(१) सम्मेलनको मिति तय भएपश्चात कम्तिमा १ महिना अगावै सम्मेलन तयारी समितिले १ संयोजक र अन्य सदस्यहरु रहने गरी अध्यक्ष मण्डलको गठन र निर्वाचनको लागि निर्वाचन मण्डलको अध्यक्ष सहित २ सदस्यीय गरि बढीमा ३ वा ४ सदस्यीय गरि बढीमा ५ निर्वाचन मण्डल गठन गर्नेछ ।

(२) अध्यक्ष मण्डल तथा निर्वाचन मण्डलले बन्दसत्रका सम्पूर्ण गतिविधि सञ्चालन गर्नेछन् ।

(३) उम्मेदवारि फारम निवार्चन मण्डल द्वारा वितरण गरिनेछ र उक्त उम्मेदवारि फारम भरे वापद कुनै पनि पदमा निवार्चन मण्डलले तोके अनुशारको शुल्क फिर्ता नहुने गरि बुझाउनु पर्नेछ ।

(४) निर्वाचना मण्डलका अध्यक्ष द्वारा नव निर्वाचित कार्यसमितिका पदाधिकारीहरुलाई सपथ ग्रहण गराईनेछ ।

(५) नँया कार्यसमितिको सपथ ग्रहणपश्चात बन्दसत्र समापनसंगै अध्यक्ष मण्डल तथा निर्वाचन मण्डल स्वतः विघटन हुनेछ ।

**धारा २४. उम्मेद्वारको अयोग्यताः**

देहायका प्रतिनिधिहरु संस्थाको कार्य समितिमा उम्मेद्वार हुन तथा मतदान दिन योग्य हुने छैनन् ।

(१) निर्वाचन मण्डलका अध्यक्ष र सदस्यहरु ।

(२) संस्थाको सदस्यता नलिएको वा सदस्यता खारेज भएको व्यक्ति ।

**धारा २५. केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक निर्वाचन विधिः**

(१) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक निर्वाचनमा आवश्यक परे गोप्य मतदानद्धारा निर्वाचन गरिनेछ । अन्य प्रक्रिया निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक अध्यक्षका लागि उम्मेदवार हुन चाहनेले सम्मेलनका प्रतिनिधिहरुमध्येवाट कम्तीमा तीन जना प्रस्तावक र तीन जना समर्थक रहेको मनोनयनपत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।

(३) केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक (अध्यक्ष वाहेक) पदाधिकारीका लागि उम्मेदवार हुन चाहनेले सम्मेलनका प्रतिनिधिहरुमध्येवाट कम्तीमा दुई जना प्रस्तावक र दुई जना समर्थक रहेको मनोनयनपत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गनुपर्नेछ ।

**धारा २६. विधान संशोधन :**

(१) यो विधानको संशोधन गर्नुपरेमा कार्यसमितिले समितिको कुनै एक पदाधिकारीको संयोजकत्वमा विधान संशोधन समिति गठन गर्न सक्नेछ ।

(२) बिधान संशोधन समितिले तयार पारेको विधान केन्द्रीय कार्यसमितिको बैठकमा छलफल गरी आवश्यकीय हेरफेर गरी संशोधनको लागि सम्मेलनमा प्रस्तुत गर्नुपर्नेछ ।

(३) सम्मेलन प्रतिनिधिहरुको बहुमतले पारित गरेपछि विधान संशोधन हुनेछ । संशोधित विधान तुरुन्त लागू हुनेछ ।

**धारा २७. बचाउ :**

यो संशोधित विधान लागू भएपछि किरात राई यायोक्खा बेलायतको विधान, **चौथो संशोधिन** २०१३ बमोजिम भए गरेका सबै काम कारवाईहरु यसै संशोधित विधान अन्तर्गत भए गरेको मानिनेछ ।

**धारा २८. नियमावली बनाउने :**

यो विधानअनुरुप केन्द्रीय क्षेत्रीय तथा प्रा क स कार्यसमितिहरुले आवश्यक नियमावली र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

**धारा २९. निस्क्रियताः**

यस विधानमा उल्लेखित कुनै पनि विषय प्रचलित बेलायतको सामाजिक ऐनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

**धारा ३०. व्याख्याः**

यस विधान र नियमहरुको अन्तिम ब्याख्याकार केन्द्रीय कार्य समिति हुनेछ । सो उपर चित्त नबुझेमा आगामी केन्द्रीय समितिको वार्षिक साधरण सभामा राख्न सकिनेछ ।

**धारा ३१. बाधा अड्काउ फुकाउने अधिकारः**

यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि वार्षिक साधरण सभा वा सम्मेलन समक्ष राखिनेछ ।

**धारा ३२. महाअभियोगः**

कूल साधारण, आजीवन, संरक्षक र विशिष्ट संरक्षक सदस्य संख्याको ४० प्रतिशतले कुनै पनि कार्यसमितिका पदाधिकारी वा सिङ्गो कार्यसमितिलाई महाअभियोग लगाउन सक्नेछ । यस अवस्थामा विशेष सम्मेलन बोलाइनेछ ।

**धारा ३३. किरात राई यायोक्खा बेलायतको (केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक) विघटन**

यो संस्था विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणले कुनै पनि क्षेत्रीय तथा प्रारम्भिक संस्थाको विघटन गर्नुपर्ने अवस्था आइपरेमा, सम्पूर्ण चल-अचल सम्पत्ति किरात राई यायोक्खा बेलायतको केन्द्रलाई बुझाउनु पर्नेछ । यदि केन्द्र विघटन गर्नु पर्ने अवश्था शिर्जना भएमा, संस्थाको चल अचल सम्पत्तिको स्वामित्व किरात राई यायोक्खा केन्द्रीय कार्य समिति नेपालमा सर्नेछ वा तत्कालिन केन्द्रीय कार्य समितिको निर्णय वमोजिम बेलायतमा दर्ता भएको ऐनकानुन बमोजिमको प्रक्रिया अनुशार अघि बढाउनु पर्नेछ ।

**धारा ३४. सपथ :**

किरात राई यायोक्खा केन्द्रीय, क्षेत्रीय तथा प्रारम्भिक समितिहरु लगायत कुनै पनि विभागहरुमा चयन भएका पदाधिकारीहरुले यस विधानको अनुसूचि ३ अनुसार सपथ ग्रहण गर्नु पर्नेछ । यसरी सपथ ग्रहण गर्दा सम्मेलनबाट निर्वाचित पदाधिकारीहरुले सम्मेलन हल समक्ष सपथ ग्रहण लिनु पर्नेछ र पछि मनोनित केन्द्रीय पदाधिकारीहरुले भने समितिको बैठक समक्ष सपथ ग्रहण लिनु पर्नेछ । त्यसै गरि क्षेत्रीय तथा प्रारम्भिक समितिहरुमा चयन भएका पदाधिकारीहरुले पनि समितिको बैठक समक्ष सपथ लिनु पर्नेछ ।

**अनुसूची १. प्रतीक चिन्ह तथा छापः**

आठवटा वृत्ताकार पृष्ठभूमिमा आकाश ताकिएको धनुष-काँडको बीचमा ढोल, दाँयातिर भ्याम्टा र बाँयातिर चिण्डो अंकित चित्रको तल्लो भागमा रोमन लिपिमा अर्धवृताकारमा एकै लहरमा KIRAT RAI YAYOKKHA UK 2004 लेखिएको, किरात राई यायोक्खा केन्द्रीय बेलायतको प्रतीक चिन्ह तथा छाप हुनेछ । क्षेत्रीय ,प्रा क स समितिकोहरुको हकमा भने उल्लेखित प्रतीक चिन्ह अनुशारनै क्षेत्रको नाम र सोहि अनुशार क्षेत्रीय समितिको स्थापना वर्ष भएअनुशारनै लेखिएको हुनेछ ।

**अनुसूचि २. झण्डाः**

सुनौलो रंगको पृष्ठभूमिमा रातो किनारा नेपालको झण्डा आकारको बीचमा सेतो बृत्तभित्र आकाश ताकिएको धनुष-काँड रहेको झण्डा हुनेछ ।

**अनुसूचि ३. सपथ ग्रहणः**

म ...(आफ्नो नाम).......... सुम्निमा र पारुहाङ तथा संपूर्ण प्रतिनिधि र पर्यवेक्षकहरुलाई साक्षी राखी सपथ लिन्छु कि, किरात राई यायोक्खा बेलायतको ...(निर्वाचित भएको पद)......पदमा चयन भएकोमा गौरव महशुस गर्दै यो

संस्थाले सुम्पिएको पदीय जिम्मेवारीलाई निस्वार्थ र इमानदारिताका साथ पूरा गर्नेछु । म यो संस्थाको विधान, अनुशासन र असल परम्परालाई आत्मसात गर्दै यसको उद्देश्य प्राप्तिका लागि दृढतापूर्वक लागि पर्नेछु । म यो संस्थाप्रति सदा बफादार रहदै समग्र किरात राई जातिको गरिमा र स्वभिमानलाई उच्च राख्न सधैं तत्पर रहनेछु ।

**अनुसूचि ४. नाम पत्रः**

एफोर साइजको कागजमा बायाँतर्फ संस्थाको लोगो र दायाँ तर्फ अङ्ग्रेजी अक्षरमा संस्थाको पूरा नाम र दायाँ कुनामा ठेगाना टेलिफोन नम्बर उल्लेख हुनेछ ।

**अनुसूचि ५. सदस्यता आवेदन फारमः** सदस्यता आवेदन फारम विधानको पेज १५ मा उल्लेख भए वमोजिमको हुनेछ ।

सदस्यता फारम/**Membership form**

श्रीमान अध्यक्ष ज्यू ! फोटो Photo

किरात राई यायोक्खा, संयूक्त अधिराज्य ।

महोदय,

किरात राई यायोक्खा बेलायतको विधानलाई पूर्णरुपले पालना गर्ने वचनवद्धता जाहेर गर्दै सदस्यताको लागि निवेदन गर्दछु ।

The Chairman

Kirat Rai Yayokkha United Kingdom

I hereby make an application for the membership of Kirat Rai Yayokkha United Kingdom and shall abide by all the provisions set out in it's constitution

सदस्यता (Membership)

साधरण (Ordinary) आजीवन (Life time) संरक्षक (Patron) बिशिष्ट संरक्षक (Distinguished Patron) मानार्थ (Honorable)

Name: ......................................................

Male / Female:

Name of spouse: .............................................................

Name of children(s): .................................................................

.....................................................................................

Add:

...........................................................................................................................

...................

Telephone No:...................................... Mobil No. : .....................

E-mail Add.:..........................................

Date: ............................. Signature: ...................................

-----------------------------------------------------------------------------

-----------

For office use only :

Membership No: ................................. Issued by...................................

Name:....................................................

Position .........................................

Issued Date: ........................................... Signature................